# आदिवासी जनजाति: याक्खा





## सुविधा वञ्चित समूह

**संस्थाः** किरात याक्खा छुम्मा, केन्द्रिय कार्य समिति, काठमाडौं ।

आदिवासी याक्खा जाति पूर्वी नेपालको संखुवासभाको दक्षिणी भु-भाग र धनकुटा जिल्लाको उत्तरी पहाडी भु-भागलाई आफ्नो 'याक्खालेन' उद्गम थलो र यसै स्थानमा बसोबास गरिएको पाईन्छ । पल्लो किरात प्रदेश अन्तर्गत याक्खा उदगमस्थल याक्षालेन क्षेत्रमा किरातवंशीहरु याक्षाको अर्थ 'टहरो कटेरो' बनाएर बसोबास गर्ने भएकाले यसैबाट याक्खा भनिएको भन्ने विश्वास छ । याक्खा जाति किरात कै वंशका रुपमा रहेको मानिन्छ ।

वि.स.२०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालमा याक्खा जातिको कूल जनसंख्या २४,३३६ रहेको छ । यी मध्ये याक्खा मातृभाषी १९,५५८ रहेको देखाईएको छ ।भोट बर्मेली भाषा परिवारका याक्खा जाति याक्खा भाषी थुतुरीवेद मुन्धुममा आधारित मौलिक किरात धर्मावलम्बीहरु हुन् । याक्खा जाति किरात धर्मावलम्बी भएकाले आफ्नो धार्मिक संस्कार, संस्कृति, धर्मग्रन्थ मुन्धुममा आधारित रहेको पाईन्छ । याक्खा जातिले आफ्नो मौलिक पहिचान, जातिय मान्यता, भाषा, संस्कृति, रितिरिवाज, परम्परागत रुपमा जीवन्त राख्दै आई रहेको पाईन्छ ।

याक्खा जातिले आफुलाई याक्खावा (पुरुष) र याक्खामा (महिला) भनी आफ्नो परिचय दिन्छन् । याक्खा जातिलाई मझिया, जिम्दार (जिमी) र देवान भनेर पदिय जिम्मेवार दिईएको थियो । याक्खा जातिको विभिन्न थर र सामुहिक उपथर सामेअछोङहरु हुन्छन् । उनीहरुको शुभकार्य, धार्मिक कार्य लगायत मानव जीवनमा याक्खा परम्परा अनुसार विभिन्न कार्यहरुमा गोत्र (सामेअछोङ) बाट नै पुकार्ने गरिन्छ । याक्खा जाति भित्र थर मिल्नेहरु बीच एक अर्का थरमा विवाह चल्दैन/ चलाउन हुदैन । एकै थरका भाईवन्धु भित्र कसैको मृत्यु भएमा नून, तेल बार्ने, छाक जुठो बार्ने चलन छ । याक्खा जतिमा मौलिक थर र मौलिक सामेज्यलिङ/ सामेअछोङ (गोत्र -सामुहिक उपथर) को साथ साथै पुर्ख्यौली उदगमस्थल दश मझिया, पाँच मझिया र पाँच खपन मध्येका गाउँहरु हुनु अनिवार्य मानिन्छ

भेषभुषाः याक्खा जातिहरु कपास खेती गर्ने र त्यसबाट धागो काटेर कपडा बुन्ने गर्दछ । पुरुषका लागि फेटा, दौरा, सुरुवाल, टोपी, पटुका, आस्कोट आदि सिलाएर लगाउने गर्दछ । महिलाहरुले चोलो, भोटो, पटुका, छिटको साडी, खेस र सुती धागोले बुनेको पछ्यौरा आदि लगाउने चलन छ । गरगहनामा माल-बाँस, निगालो बाँस र मालिङ्गोको चोया र भाटाबाट बनाएका बुट्टादार फुल कपालमा सिउरिन, काइँयो बनाई प्रयोग गरिन्छ । महिलाले शिरमा सुनको फुल, कानमा मडवारी, मुन्द्री, नाकमा बुलाकी (मुन्द्री), फुली, ढुङ्ग्री, गला (घाँटी) मा नौगेडी, कण्ठ, प्वाँलोमाला, चन्द्रहार, हातमा सुन चाँदीका चुरा र खुट्टामा चाँदीका कल्ली समेत लगाउने गरेको पाइन्छ ।

याक्खाहरुको बसोबास भएका गाउँहरु स्याबुन, वाना, जल्जला, सिद्धपोखरी, आम्बोटे, चैनपुर, वानेश्वर (चापाङ), खराङ (हात्तिसुढे किङरिङ), मादिमुल खर्क (वालेङ), तामाफोक (तुमोक), मादीराम्बेनी माम्लिङ, आखिभुई (होम्बोङ, आङबुरा, फाक्लिङ, ओक्ख्यु) र धनकुटा जिल्लाका डाँडागाउँ (याइतेन), चानुवा (चेक्चेनि) आदि पर्दछन् ।

याक्खा जातिको घरहरु पुरानो ढाँचामा टाँडेघर (काठको खम्बा गाडेर बनाइने) आदिम पुराना घरहरु हुन । उक्त घरहरुको भुइतलामा काठपात, सरसामान, वस्तुभाव राख्न प्रयोग गरिन्छ भने माथिल्लो तलामा बस्न आफुले प्रयोग गर्दछ ।

याक्खा जातिको कृषिमा आधारित जीवनयापन हुँदै आएकोले मुख्य पेशा खेतीपाति र पशुपालन नै हो । आदिवासी किपटिया याक्खा जातिले विशेष गरी जिमिन्दारी मझिया पगरी पाएका थिए । यसै गरी पैतृक सम्पति माथि हक पनि पुरुषमा रहदै आएको पाइन्छ ।

याक्खा जातिको उद्गमस्थल मानिने क्षेत्र अन्तरगत संखुवासभाको आँखिभुई, होम्बोङमा धर्मदेवी याक्खा जाति बसोबास भएको मूलथलोमा पर्ने एक महत्वपूर्ण धार्मिक थलोको रुपमा लिईन्छ । याक्खाहरु परापूर्वकाल देखि नै परम्परागत रुपमा मौलिक किरात धर्म "थुतुरी मुन्धुम" मा धार्मिक आस्था राख्दछन । त्यस्तै सानो हात्तिवन, ललितपुरमा "किरात माङहिम" मन्दिरमा प्रत्येक वर्ष उभौंली (वैशाख पुर्णिमा अर्थात बाली नाली लगाउने वा छर्ने समय) का दिन युच्याङ पुजा र उधौंली (मंसिर पुर्णिमा अर्थात बाली नाली पाक्ने समय) का दिन चासोवा च्याङ किरात चाड मनाउने गरिन्छ । यो पाकेको अन्नबाली पितृहरुलाई पहिले चढाउने पुजा हो । अन्य धार्मिक क्रियाकलाप र विधिहरु मध्ये माङचुक बनाएर राख्ने पाङ्च्याङ (कूलपुजा) गर्ने, साया पोक्मा (शिर उठाउने) पुजा, तेन ताम्मा (गाउँ बान्ने पुजा), खोलोङ्वा पुजा (देवीको आराधना गर्ने), र डोक्रेनी नाच (डोकोलाई महिलाको भेष लगाएर नचाईने) साङ्दाराम्माको प्रतिकको रुपमा आदि पर्दछन ।

याक्खा जातिको सांस्कृतिक सम्पदाहरुमा सांस्कृतिक बाजाको रुपमा लिईने एक मात्र साधन केइ 'च्याङब्रुङ' (२२ इञ्च लम्बाई र १४ ईञ्च गोलाई भएको काठको ढुङ्ग्रोलाई बाख्राको छालाबाट बनाईएको एक प्रकारको ढोल) रहेको छ । च्याङब्रुङ (केइ) बोकेर नाचिने नाचलाई 'केइलाक' भनिन्छ । यस्तै धान नाचलाई 'चावाक लाक' भनिन्छ ।

याक्खा जातिको अन्तरसम्बन्ध याक्थुङ (लिम्बू) सुब्बा जाति सँग परापूर्वकाल देखि रही आएको पाईन्छ । भौगोलिक रुपमा एतिहासिक पल्लो किरात अरुण पूर्वको क्षेत्र दश लिम्बूवान भित्रको सत्रथुम मध्ये तीनथुम दश मझिया, पाँच मझिया र पाँच खपन क्षेत्र याक्खा जातिको उद्गमस्थल रहेको र अन्य चौध थुममा लिम्बू जातिको बसोबासले गर्दा भाषिक रुपमा पनि लिम्बू जातिको नजिक रहेको पाईन्छ । सन्दर्भ सामग्रीः रामजी कोनरेन (२०६८), "याक्खा जातिको चिनारी", हिसी अफसेट प्रेस, जमल, काठमाडौं ।